# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


## सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नविकरण गराउने सम्बन्धि अत्यन्तै जरुरी सूचना

प्रस्तुत बिषयमा यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नेपाल सरकारको आ.व. २०७९/८० को बजेट बक्तव्यमा ६८ बर्ष उमेर पुरा भएका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुनेगरी सामाजिक सुरक्षा ऐन,२०७५ मा संसोधन समेत भईसकेकोले ऐ.ऐन, २०७५ को दफा(१२) र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम(५) बमोजिम त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरि लाभग्राही सुचीकरण प्रकृया अगाडि बढाउनुहोस ।

सामाजिक सुरक्षा नियमावली(प्रथम संसोधन), २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक बर्षको कार्तिक मसान्तभित्र नविकरण गर्नुपर्ने व्यवस्था रहेको छ, सोही सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम (१६) को उपनियम (१२) बमोजिम आ.ब २०७८/७९ देखि नेपाल सरकारले त्रैमासिक बजेट निकासाको व्यवस्था गरेको हुँदा सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नु पर्ने भएकोले चालु आ.व को पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ताको फर्वाड फिड (लाभग्राही सूची) तयार गरी सम्बन्धित बैंकमा पठाउनु अगावै परिचयपत्र नवीकरण गरिसक्नु पर्ने भएकोले सबै लाभग्राहीहरुको सकेसम्म भाद्र मसान्त सम्म सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्ने हुँदा सम्बन्धित वडा कार्यालयमा स्वयम् उपस्थित भई निवेदन दिई अनिवार्य रुपमा नविकरण गराउनुहुन अनुरोध गर्दछौ । साथै बालबालिका, पूर्ण अपाङ्गता भएका, बृद्ध जेष्ठनागरिक वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजका आमा, बुवा, संरक्षक/माथवर उपस्थित भई नविकरण गराउन सकिनेछ ।

नविकरणका लागि आवश्यक कागजातहरु

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- नागरिकता सम्बन्धित वडाको नभएमा बसाईसारइ दर्ताको प्रतालिपी
- पासपोर्ट साईजको १ प्रति फोटो
- सामाजिक सुरक्षाभत्ता प्राप्त गरिरहेको बैंकको खाता नम्बर
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- अपाङ्गता भएका व्यक्तिको हकमा उपमहानगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस
- सम्बन्ध बिच्छेद गरी अर्को विवाह नगरी ६० बर्ष माथिको हकमा सम्बन्धबिच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी
- न्यायिक पृथकिकरण गरी बसेका ६० बर्ष माथिका महिलाको हकमा न्यायिक पृथकिकरण भएको प्रमाणपत्र

साथै नविकरण नभएमा सामाजिक सुरक्षाभत्ता उपलब्ध गराउनउ नसकिने व्यहोरा समेत जानकारी गराउँदछौ ।

अनुरोधक
बुटवल उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही